# उच्च अदालतका माननीय न्यायाधीशका लागि संहिता कार्यान्वयन सम्बन्धी अन्तरक्रिया कार्यक्रम

## पाठ्यक्रम, २०७८

**पाठ्यक्रम निर्माण समूहः**

संयोजकः माननीय श्री शेखरप्रसाद पौडेल, न्यायाधीश/फ्याकल्टी, राष्ट्रिय न्यायिक प्रतिष्ठान
सदस्यः माननीय श्री महेश शर्मा पौडेल, न्यायाधीश, उच्च अदालत पाटन
सदस्यः श्री पारस पौडेल, निर्देशक, राष्ट्रिय न्यायिक प्रतिष्ठान

**राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल**
**मनमैंजू,**

बिषयसूची


| विषय | | पेज |
|---|---|---|
| **भाग एक : प्रारम्भिक** | | |
| पृष्ठभूमी | | |
| पाठ्यक्रमको परिचय | | |
| प्रशिक्षण पाठ्यक्रमको लक्ष्य र उद्देश्य | | |
| सहभागिता, सहभागी संख्या र अवधि | | |
| पाठयक्रमको संरचना | | |
| पाठ्यक्रमका मोड्युल वा सत्रहरु | | |
| सत्र सञ्चालन विधि र प्रशिक्षण मूल्यांकन | | |
| **भाग दुई : मोड्यूल तथा सत्रहरु** | | |
| **मोड्यूल १** | **संहिता कार्यान्वयनका मुख्य सवालहरु** | |
| सत्र १ | संहिता सम्बन्धी कानूनी ब्यवस्थाका सम्बन्धमा सर्वोच्च अदालतबाट भएका फैसला, आदेश र परिपत्रहरु | |
| सत्र २ | संहिता कार्यान्वयनमा देखा परेका कानूनी सवालहरु | |
| सत्र ३ | प्रारम्भिक सुनुवाइ, वादी प्रतिवादीको छलफल र पूर्व सुनुवाइ छलफल | |
| सत्र ४ | क्षतिपूर्ति निर्धारणका आधारहरु | |
| सत्र ५ | सजाय निर्धारणको सुनुवाइ र सजाय निर्धारण मार्गदर्शनको प्रयोगको अवस्था, समस्या र समाधानका उपायहरु | |
| **मोड्यूल २** | **समस्या समाधान** | |
| सत्र १ | खुला छलफल (प्यानल छलफल) | |
| सन्दर्भ सामग्री | | |

# भाग एक
# प्रारम्भिक

## १.१ पृष्ठभूमीः

नियमित न्यायिक शिक्षा द्वारा न्यायाधीश, न्याय सेवाका अधिकृत तथा कर्मचारी, कानून व्यवसायी लगायत न्याय र कानूनका क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले राष्ट्रिय न्यायिक प्रतिष्ठान को स्थापना भएको हो। प्रतिष्ठानको स्थापनाकाल देखि नै न्यायाधीश लगायत विभिन्न जनशक्तिलाई लक्षित गरि प्रतिष्ठानले सेवाप्रवेश/आधारभूत, सेवाकालीन, विषयगत तथा विशिष्टकृत प्रशिक्षणको आयोजना गरी रहेको छ। नागरिक तथा  नागरिक राज्यवीच उत्पन्न हुने विभिन्न विवादको शान्तिपूर्ण निरुपणले समाजमा शान्ती सुव्यवस्था कायम रहन्छ । नेपालको संविधानले यही कुरालाई आत्मसात गर्दै न्याय प्रशासन तथा सम्पादनको अभिभारा न्यायपालिकालाई सुम्पिएको छ। न्याय प्रशासन तथा सम्पादन गर्ने काम आफैंमा विशिष्ट, जटिल र शीप तथा दक्षतामूलक काम हो। न्याय गरेर मात्र हुँदैन गरेको देखिनु पर्छ भन्ने उक्तिवाट नै न्याय सम्पादन गर्ने कार्यमा गुणवत्ता आवश्यक पर्ने कुरालाई दर्शाँउछ । न्यायपालिकावाट हुने न्याय सम्पादनको कार्यमा गुणस्तरीयता कायम गर्ने विभिन्न उपायहरुमध्ये न्यायाधीशको कार्यक्षमता अभिवृद्धी गरी दक्ष र शीपयुक्त बनाउनु पनि एक महत्वपूर्ण उपाय हो। कार्यक्षमता अभिबृद्धी गर्ने माध्यम प्रशिक्षण पनि भएकाले न्यायपालिकाले यसमा जोड दिएको छ।

यस प्रतिष्ठानले सरोकारवाला निकाय र पदाधिकारीहरुको आवश्कता, न्याय र कानूनका आएका नविनतम् अवधारणा, कार्यविधिगत एकरुपता र व्यवसायिक दक्षतालाई केन्द्रविन्दु राखी प्रशिक्षण आयोजना गर्ने गरेको छ। यसरी कार्यक्रम तयार गर्दा वैज्ञानिक प्रशिक्षण पद्दतीलाई अवलम्बन गर्दै आएको छ। प्रतिष्ठनले प्रशिक्षण चक्रको पद्दतीलाई आत्मसाथ गर्दै सम्बन्धित सरोकारवाला निकाय र सम्भावित सहभागीहरुको आवश्कताको पहिचान गर्ने र सोही आधारमा पाठ्यक्रमहरु निर्धारण गरी कार्यक्रम सञ्चालन आयोजना गर्ने गरेको छ। कार्यक्रम आयोजनाको दौरानमा गरेका मूल्याङ्कन, पृष्ठपोषण, अनुभब र सिकाईबाट पुन: पाठ्यक्रमको परिमार्जन हुने गरेको छ।

## १.२ पाठ्यक्रमको परिचयः

कानून र न्यायका अवधारणा समयानुसार बदलिँदै जाने र राज्यले नयाँ कानूनहरुमा नविनतम व्यवस्थाहरु अवलम्बन गर्ने हुनाले न्यायाधीशलाई निरन्तर प्रशिक्षण तथा अन्तरक्रियाको आवश्यकता पर्दछ। यसैक्रममा २०७५ भदौबाट लागू हुने मुलुकी देवानी संहिता, २०७४, मुलुकी देवानी कार्यविधि,२०७४, मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी संहिता, २०७४ र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ प्रचलनमा आए पश्चात सबै न्यायाधीशहरुलाई संहितामा भएका व्यवस्थाहरुका जानकारी गराउने उद्देश्यले प्रतिष्ठानले प्रशिक्षक प्रशिक्षण, प्रशिक्षण र कार्यशाला आयोजना गरेको थियो । संहिता प्रचलन आए पश्चातको अभ्यास, कार्यान्वयनमा देखा परेका समस्या र चुनौति, एकरुपता कायम गर्ने कार्यविधि र न्याय प्रशासननमा भएको समस्या र चुनौतिका वारेमा अन्तरक्रिया गरी समाधानका लागि प्रयास गर्नका लागि उच्च अदालतका माननीय न्यायधीशहरुलाई लक्षित गरी संहिता कार्यान्वयनमा देखा परेका समस्या, चुनौति र समाधानका उपायहरु सम्बन्धी अन्तरक्रियाको पाठ्यक्रम तयार गरिएको हो।

सम्माननीय प्रधानन्यायाधीज्यूको निर्देशन, उच्च अदालतका माननीय मुख्य न्यायधीश तथा न्यायाधीशज्यूहरुको सुझाबका आधारमा उच्च अदालतका माननीय मुख्य न्यायाधीश तथा न्यायाधीशज्यूहरुको सहभागितामा प्रशिक्षण आवश्यकता पहिचान गरिएको छ। आवश्यकता पहिचानमा छलफल भएका विषयहरुलाई नै आधार बनाई पाठ्यक्रम निर्माण समितिले यस पाठ्यक्रमका विषयहरु चयन गरेको छ।

## १.३ प्रशिक्षणको लक्ष्य र उद्देश्यः

यस प्रशिक्षण कार्यक्रमको लक्ष्य र उद्देश्य देहाय बमोजिम रहेको छ।

**लक्ष्यः** सहभागीहरु माननीय न्यायाधीशहरुलाई संहिता कार्यान्वयनलाई थप प्रभावकारी वनाई न्याय सम्पादनमा सहजिकरण गर्ने यस कार्यक्रमको लक्ष रहनेछ।

**उद्देश्यः** सहभागीहरुले संहिता कार्यान्वयनका समस्या, चुनौतीलाई न्यूनिकरण गरी समाधानका उपायहरु पत्ता लगाई सोही बमोजिम न्याय सम्पादन गर्न सक्षम

बनाउने यस प्रशिक्षणको मुख्य उद्देश्य रहेको छ । यसका साथसाथै देहायका उद्देश्य समेत यस प्रशिक्षणका रहेका छन्

- संहिता सम्बन्धी कानूनी व्यवस्थाका सम्बन्धमा सर्वोच्च अदालतबाट भएका फैसला, आदेश र परिपत्रहरुका बारेमा छलपल गराउने,
- संहिता कार्यान्वयनमा देखा परेका कानूनी समस्याहरु, सुनुवाई, क्षतिपूर्ति, सजाय निर्धारणमा देखा परेका समस्याका बारेमा छलफल गरी समाधानको उपायको खोजि गर्ने,
- संहिता कार्यान्वयनमा अन्य विविध विषयहरुमा अन्तरक्रिया र छलफलबाट व्यवहारीक समस्या, चुनौती र अवको प्रयासका बारेमा छलफल गरी एकरुपता कायम गर्न सहभागीहरु प्रतिवद्ध हुनेछन्।

## १.४ सहभागिता, सहभागी संख्या र अवधि:

बिशेष गरी उच्च अदालतका माननीय न्यायाधीशहरुलाई लक्षित गरी सञ्चालन हुने यो प्रशिक्षण कार्यक्रमका लक्षित समूह, सहभागी संख्या र कार्यक्रमको अवधि देहाय बमोजिम हुनेछ,

**सहभागिता:** प्रशिक्षणका सहभागीहरु न्यायाधीश हुनेछन् ।

**सहभागी संख्या:** कार्यक्रम अन्तरक्रियात्मक हुने भएकाले एक (१) प्रशिक्षणमा जम्मा पच्चीस (२५) देखि तीस (३०) जनाको सहभागिता हुनेछ।

**अवधि:** यस प्रशिक्षणको अवधि तीन (३) कार्य दिनको हुनेछ। एक दिनमा दुई (२) सत्र समावेश गरिनेछ। एक (१) सत्रको समय एक घण्टा तीस मिनेटको हुनेछ।

## १.५ पाठयक्रमको संरचना

पाठ्यक्रमको पहिलो भागमा प्रारम्भिक विषयहरु (पृष्ठभूमी, लक्ष्य र उद्देश्य, सहभागी, अवधि लगायत...) रहेको छ । दोश्रो भागमा प्रशिक्षणका मोडयूल बमोजिमका सत्रहरु समावेश गरिएको छ। पाठ्यक्रमको अन्त्यमा अनुसूची र सन्दर्भ सामग्रीको विवरण रहेको छ।

## १.६ पाठ्यक्रमका मोड्युल वा सत्रहरु

यस प्रशिक्षणमा देहाय बमोजिम दुई (२) वटा मोड्युल अन्तर्गत छ (६) वटा  सत्रहरु समावेश गरिएकोछ।

**मोड्युल एक: संहिता कार्यान्वयनका मुख्य सवालहरु**

**सत्र एक:** संहिता सम्बन्धी कानूनी ब्यवस्थाका सम्बन्धमा सर्वोच्च अदालतबाट भएका फैसला, आदेश र परिपत्रहरु

**सत्र दुई:** संहिता कार्यान्वयनमा देखा परेका कानूनी सवालहरु

**सत्र तीन:** प्रारम्भिक सुनुवाइ, वादी प्रतिवादीको छलफल र पूर्व सुनुवाइ छलफल

**सत्र चार:** क्षतिपूर्ति निर्धारणका आधारहरु

**सत्र पाँच:** सजाय निर्धारणको सुनुवाइ र सजाय निर्धारण मार्गदर्शनको प्रयोगको अवस्था, समस्या र समाधानका उपायहरु

**मोड्युल दुई: समस्या समाधान**

**सत्र एक:** खुला छलफल (प्यानल छलफल)

## १.७ प्रशिक्षण सञ्चालन विधि र प्रशिक्षण मूल्यांकन

बजेट तथा समय अनुसार प्रशिक्षण आवासीय तथा गैरआवासीय रुपमा सञ्चालन गर्न सकिनेछ। प्रशिक्षणका प्रशिक्षक/श्रोत व्यक्ति चयन गर्दा प्रतिष्ठानको नियमानुसार सूचीकृत प्रशिक्षक तथा विज्ञ व्यक्तिबाट चयन गरिनेछ। प्रशिक्षकले सत्र सञ्चालन गर्दा वयस्क प्रशिक्षण विधि अवलम्बन गर्नु पर्नेछ। समग्र प्रशिक्षण, श्रोत व्यक्ति र सहभागीहरुको मूल्याङ्कन हुनेछ। आवश्यकताका आधारमा पूर्व प्रशिक्षण मूल्याङ्कन, प्रशिक्षण पश्चातको मूल्याङ्कन, प्रशिक्षण सत्रको मूल्याङ्कन र समग्र प्रशिक्षणको मूल्याङ्कन प्रतिष्ठानले तोकेको ढाँचा बमोजिम हुनेछ।

# भाग दुई

# मोड्यूल र सत्र

## २.१ मोड्यूल एक: संहिता कार्यान्वयनका मुख्य सवालहरु

| सत्र | विषयवस्तु | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| १. | संहिता सम्बन्धी कानूनी ब्यवस्थाका सम्बन्धमा सर्वोच्च अदालतबाट भएका फैसला, आदेश र परिपत्रहरु | • सर्वोच्च अदालतबाट भएका फैसलाहरु देहायका फैसला तथा आदेशहरु<br>○ आशिष सुनारको जाहेरीले नेपाल सरकार, ने.का.प.२०७६, अंक १, नि.नं.१०१७६<br>○ हरिशरण महतको हकमा कुस्मी विष्ट वि. काठमाडौ जिल्ला अदालत समेत, ०७७-WH-००२८<br>○ चन्द्रबहादुर शाही वि. केशवबहादुर शाहीको जाहेरीले नेपाल सरकार, ने.का.प.२०७६,अंक ७, नि.नं.१०३०७<br>○ निसा राई लिम्बु वि. धनकुटा जिल्ला अदालत तहशिल शाखा समेत, मुद्दा नं. ०७७-WH-०१७९<br>○ माईला भन्ने लालकाजी तामाङ वि. काठमाडौं जिल्ला अदालत समेत, मुद्दा नं. ०७५-WH-००९२<br>○ रोशन पोदार वि.कारागार कार्यालय झुम्का सुनसरी समेत, मुद्दा नं. 077-WH-0316<br>○ प्रतिमा सिटौला विरुद्ध नेपाल सरकार, मुद्दा नं. ००७७-RE-०३२०<br>○ जफर खान विरुद्ध नेपाल सरकार,मुद्दा नं. ०७७-RE-००७१<br>○ शंकर तामाङ वि. उच्च अदालत पाटन समेत, मुद्दा नं. ०७७-WH-०३०३<br>○ महेश थापाको हकमा अधिवक्ता कमल प्रकाश भुसाल वि. उच्च अदालत | ९० मिनट | सहजकर्ताले प्रशिक्षणका विधिहरु उपनाई प्रस्तुतिकरण गर्ने, सहभागीहरुले अन्तरक्रियात्मक छलफल गर्ने र अध्यक्षले पृष्ठपोषण सहितको मार्गदर्शन दिने |

| | | | | |
|---|---|---|---|---|
| | | तुलसीपुर वुटवल ईजलास समेत, मुद्दा नं. ०७७-WH-००९१<br>○ रोशन भन्ने प्रशान्त अधिकारीको हकमा विरुद्ध काठमाण्डौ जिल्ला अदालत, मुद्दा नं. ००७७-WO-०३०४<br>○ दीपक कार्की वि. काभ्रेपलाञ्चोक जिल्ला अदालत, ने.का.प. २०७६, अंक २, नि.नं. १०१८५<br>○ नेपाल सरकार वि. शोभा वादी, मुद्दा नं. 071-CR-1183<br>○ परिवर्तित नाम धादिङ्ग २४ढ११७७ण् को हकमा सार्वजनिक प्रतिरक्षक समाजसँग आवद्ध अधिवक्ता अजय शंकर झा वि, धादिङ्ग जिल्ला अदालत, मुद्दा नं. ०७७-WH-०३२१<br>○ अन्य<br>• उच्च अदालतसंग सम्बन्धित सर्वोच्च अदालतबाट जारी विभिन्न परिपत्रहरु | | |
| २. | संहिता कार्यान्वयनमा देखा परेका कानूनी सवालहरु | • मुलुकी देवानी संहिता र मुलुकी देवानी कार्यविधि संहितासम्बन्धमा<br>• मुलुकी अपराध संहिता र मुलुकी फौजदारी कार्यविधि संहिता सम्बन्धमा<br>• संहिताहरुको कार्यान्वयनमा देखिएका समस्याहरुको संवोधनका संभाब्य उपायहरु | ९० मिनट | सहजकर्ताले प्रशिक्षणका विधिहरु उपनाई प्रस्तुतिकरण गर्ने, सहभागीहरुले अन्तरक्रियात्मक छलफल गर्ने र अध्यक्षले पृष्ठपोषण सहितको मार्गदर्शन दिने |
| ३. | प्रारम्भिक सुनुवाइ, वादी प्रतिवादीको छलफल र पूर्व सुनुवाइ छलफल | • प्रारम्भिक सुनुवाइमा क्षेत्राधिकार,हदम्याद र हकदैयाको निर्धारणको अभ्यास<br>• जिल्ला अदालतबाट भएको आदेश वा निर्णयउपर उच्च अदालत जाने अभ्यास<br>• प्रारम्भिक सुनुवाइमा जिल्ला अदालतवाट भएको निर्णय वा आदेशउपर उच्च अदालतवाट भएको निर्णय उपर सर्वोच्च अदालतमा जाने अभ्यास | ९० मिनट | सहजकर्ताले प्रशिक्षणका विधिहरु उपनाई प्रस्तुतिकरण गर्ने, सहभागीहरुले अन्तरक्रियात्मक छलफल गर्ने र अध्यक्षले पृष्ठपोषण सहितको मार्गदर्शन दिने |

| | | | | |
|---|---|---|---|---|
| | | • सरकारवादी फौजदारी मुद्धामा वयानको क्रममा हकदैया, हदम्याद र क्षेत्राधिकारको प्रश्न उठाउने अभ्यास<br>• प्रारम्भिक सुनुवाइमा फौज्दारी मुद्दामा क्षेत्राधिकार नभएको देखिए क्षेत्राधिकार भएको अदालतमा पठाउनु पर्ने तर देवानी मुद्दामा मुद्दा खारेज हुने व्यवस्थालाइ कसरी तालमेल मिलाउने र क्षेत्राधिकार सरुवा हुने अवस्थामा लगाउ मुद्धा सरुवा हुने नहुने<br>• प्रारम्भिक सुनुवाइमा रहेका समस्या र तिनको समाधानको उपाय<br>• फौज्दारी मुद्दामा वादी प्रतिवादीवीचको छलफल र देवानी मुद्दामा वादी प्रतिवादीको पूर्व सुनुवाइ छलफल गरी मुद्दामा ठहर गर्नुपर्ने कुरा यकिन गर्ने र सोबमोजिम प्रमाण बुझ्ने कार्यविधिको अभ्यास, सोमा रहेका समस्याहरु र समाधानका उपायहरु | | |
| ४. | क्षतिपूर्ति निर्धारणका आधारहरु | • उपचार र क्षतिपूर्तिको परिच<br>• क्षतिपूर्ति सम्बन्धमा देवानी र फौजदारी कानूनमा भएका स्वरुप<br>• क्षतिपूर्ति निर्धारणका आधारहरु<br>• पीडित राहतकोषबाट भराइने क्षतिपूर्ति<br>• अन्तरिम क्षतिपूर्ति र राहत<br>• नजीर<br>• क्षतिपूर्ति निर्धारणमा हालको अभ्यास<br>• क्षतिपूर्ति निर्धारण र कार्यान्वयनमा हुनु पर्ने सुधार | ९० मिनट | सहजकर्ताले प्रशिक्षणका विधिहरु उपनाई प्रस्तुतिकरण गर्ने, सहभागीहरुले अन्तरक्रियात्मक छलफल गर्ने र अध्यक्षले पृष्ठपोषण सहितको मार्गदर्शन दिने |
| ५. | सजाय निर्धारणको सुनुवाइ र सजाय निर्धारण मार्गदर्शनको प्रयोगको अवस्था, | • सजाय निर्धारणको सुनुवाइको अभ्यासको समग्र अवस्था<br>• निश्चित सजाय भएको कसुरमा घटी सजायको प्रस्ताव गर्दा( फौजदारी कार्यविधि संहिताको दफा (४५) सुनुवाइ गर्ने अभ्यास<br>• सजाय निर्धारणको सुनुवाइमा मार्गदर्शनको प्रयोगको अवस्था | ९० मिनट | सहजकर्ताले प्रशिक्षणका विधिहरु उपनाई प्रस्तुतिकरण गर्ने, सहभागीहरुले अन्तरक्रियात्मक छलफल गर्ने र |

| | | | | |
|---|---|---|---|---|
| | समस्या र समाधानका उपायहरु | • सजाय पुर्वको प्रतिवेदनको प्रयोगको अवस्था<br>• पिडित प्रभाव प्रतिवेदन लिने अभ्यास र समस्या<br>• पटके सजाय गर्दा सजाय निर्धारण मार्गदर्शनको प्रयोग<br>• सजाय निर्धारण मार्गदर्शनको प्रयोगमा रहेका कठिनाइ र समाधानका उपायहरु<br>• उच्च अदालतको हकमा सजाय निर्धारणका लागि हुने छुट्टै सुनुवाइको व्यवस्था | | अध्यक्षले पृष्ठपोषण सहितको मार्गदर्शन दिने |

## २.२ मोड्यूल दुईः समस्या समाधान

| सत्र | विषयवस्तु | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| १. | खुला छलफल (प्यानल छलफल) | • माथी मोड्यूल एकमा छलफल भएका विषय वाहेक उच्च अदालतमा कार्यसम्पादनका क्रममा देखिएका समस्या र सबालहरु । | ९० मिनट | सर्वोच्च अदालतका माननीय न्यायाधीशको अध्यक्षतामा उच्च अदालतका मुख्य न्यायाधीश पेनलिस्टको रुपमा आमन्त्रण गरी पेनलिस्टबाट समस्याका बारेमा प्रस्तुती गरेपश्चात सहभागी न्यायाधीशहरुबाट कार्यसम्पादनमा ब्यहोर्नु परेका कानूनी समस्याहरुका बारेमा जिज्ञासा राख्ने र अध्यक्ष तथा पेनलिस्टबाट त्यसमा संवोधन गर्ने। |

## सन्दर्भ सामग्री


- मुलुकी देवानी संहिता, २०७४
- मुलुकी देवानी कार्यविधि संहिता, २०७४
- मुलुकी अपराध संहिता, २०७४
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४
- फौजदारी कसुर सजाय( निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४
- सर्वोच्च् अदालतबाट जारी भएका सजाय निर्धारिण सम्बन्धी सामान्य मार्गदर्शन र जारी भएका परिपत्रहरु
- http://www.supremecourt.gov.np/web/legalmaterials (seen 24 Aug 2021 )